इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन

फोन नं.: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np
बागमती प्रदेश, नेपाल

प.सं. ०७७/७८
च.नं. १२६२

मितिः...............२०७७।११।०२

**विषय : सूचनाप्रकाशितगर्ने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु सबै
इच्छाकामना गाउँपालिका, कुरिनटार, चितवन ।

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७७।१०।२५, च.नं. २५८ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, नियमावली र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम आर्थीक वर्ष २०७८/७९ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकरण हुने सम्वन्धि संलग्न सूचना प्रकाशित गरिदिनुहुन अनुरोध छ । साथै निवेदन दिने समय २०७७ फागुन १ गते देखि फागुन मसान्तसम्म रहेको हुँदा अन्तिम मिति सम्म प्राप्त निवेदन वडा कार्यालयमा अनिवार्य रुपमा दर्ता गरी वडा अध्यक्ष द्वारा प्रमाणित गरेर तपसिल बमोजिमको ढाँचामा विवरण तयार गरी मिति २०७७ चैत्र १० गते भित्र सम्पूर्ण प्रमाणित निवेदन र विवरण यस कार्यालयमा बुझाउनु हुन अनुरोध छ ।

**तपसिल:**

| क्र.सं. | दर्ता नं. | बेरोजगार व्यक्तिको नाम थर | बेरोजगार व्यक्तिको जन्ममिति | नागरिकता नं. | नागरिकताजारी जिल्ला | वार्षिक पारिवारिक आय | सम्पर्क. न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

.....................
(आकाश शेरचन)
रोजगार संयोजक
आकाश शेरचन
रोजगार संयोजक

.....................
(आनन्द राज घिमिरे)
नि. प्रमुख प्रशासकिय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**
श्री सूचना प्रविधि शाखा, इच्छाकामना गाउँपालिका :- सूचनाwebsiteतथासामाजिक सञ्जालमाप्रकाशनगरिदिनुहुन ।



Scanned with CamScanner

इच्छाकामना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कुरिंघाट, चितवन

फोन नं.: ०५६-४१०१२२/४१०१११
इमेल: ichchhakamanaruralmun@gmail.com
वेबसाइट: ichchhakamanamun.gov.np
बागमती प्रदेश, नेपाल

प.सं.

च.नं.

मिति: २०७७।११।०२

## आ.व. २०७८/७९ कालागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धि सूचना !

रोजगारीको हकसम्वन्धी ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ( पहिलो संशोधन, २०७७ सहित) बमोजिम आर्थीक वर्ष २०७८।७९मा न्यूनतम रोजगारीमा आवद्ध हुनचाहने इच्छुक १८-५९ वर्ष उमेर समुहका बेरोजगार व्यक्तिले आफु स्थायी बसोवास गरेको स्थानीय तहको सम्वन्धीत वडा कार्यालयमा **मिति २०७७ फागुन महिना भित्रमा** बरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्वन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र, इच्छाकामना तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुर्याउने भएकोले सोही वमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :**

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो ।
३) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, नागरिकता नं., जारी मिति तथा जिल्ला ।
४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था ( स्वदेश/विदेश/स्वरोजगार) ।
५) स्थायी वसोवास खुल्ने आवश्यक कागजातको प्रतिलिपिः (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि) ।
६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आम्दानी लिएको नलिएको विवरण ।
७) यदी निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृती लिई वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा तपसिल वमोजिमको विवरण।

देश ..................................................... पासपोर्ट नं. ...............................................

विदेशमा गरेको कामसंग सम्वन्धित सीप ...............................................................................

८) निवेदनमा उल्लेखीत सम्पुर्ण विवरण अनिवार्य रुपमा भरेको र वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र सूचिकृत गरिने छ ।

**थप जानकारीको लागि सम्बन्धीत वडा कार्यालय तथा रोजगार सेवा केन्द्र इच्छाकामना गाउँपालिकामा सम्पर्क गर्न सकिने छ ।**

...............
आकाश शेरचन
रोजगार संयोजक
**आकाश शेरचन**
**रोजगार संयोजक**

...............
(आनन्द राज घिमिरे)
नि. प्रमुख प्रशासकिय अधिकृत
**नि. प्र... प्रशासकीय अ...**



Scanned with CamScanner